का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ९४
- १० जेठ २०७७, शनिबार
- 23 May 2020, Saturday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: शुक्रबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ५०७ जना | ७० जना | ४२५१७ | ४३४ | ३ जना |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५२ लाख ३२ हजार | २१ लाख ४ हजार | ३ लाख ३६ हजार | २७ लाख ९२ हजार |



अत्तरिया, ८ जेठ : भारतका विभिन्न शहरबाट कैलालीको त्रिनगर भन्सारबाट बिहीबार स्वदेश फर्कदै गरेका नेपाली । बुधबार र बिहीबार गरी दुई हजार पाँच सय बढी नेपाली सो नाका भएर स्वदेश फर्किएका छन् । *तस्वीर : मीन ठकुरी/रासस*

# अघि बढाइयो संविधान संशोधन प्रक्रिया

**लिम्पियाधुरा सहितको नेपालको नयाँ नक्सा सार्वजनिक गरेको सरकारले संविधान संशोधन प्रक्रिया अगाडि बढाएको छ । संघीय संसदमार्फत् संविधान संशोधन अगाडि बढाउने मन्त्रिपरिषदले निर्णय गरेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ ।

नेपालको संविधानको अनुसूचीमा कायम रहेको निशान छापमा अद्यावधिक नेपालको नक्सा समावेश गर्ने उद्देश्यले संघीय संसद् सचिवालयमा शुक्रबार नेपालको संविधान (दोस्रो सशोधन) विधेयक २०७७ दर्ता भएको छ । भूमि व्यवस्था मन्त्रालयले बुधबार सार्वजनिक गरेको नेपालको वास्तविक सीमा अनुरुपको नक्सालाई उक्त निशानछापमा समावेश गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले संविधान सशोधन विधेयक दर्ता गरेको हो । उक्त विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्री शिवमाया तुम्बाहाङफे संसद् सचिवालयमा गएर दर्ता गराएकी हुन् ।

विधेयकको उद्देश्य र कारणमा भनिएको छ, "निशानछापभित्र अङ्कित नेपालको नक्सालाई वास्तविक सीमाअनुरुप मिलाउन आवश्यक भएकाले संविधानको अनुसूची ३ मा संशोधन गर्ने प्रयोजनका लागि संशोधन विधेयक पेश गरिएको छ ।" भारतबाट अतिक्रमित नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रको भू-भाग समेटेर सरकारले हालै नेपालको अद्यावधिक राजनीतिक तथा प्रशासनिक नक्सा स्वीकृत गरी प्रकाशन गरेको थियो ।

दर्ता भएको उक्त संशोधन विधेयक पाँच दिनमा प्रतिनिधिसभाको बैठकमा पेश हुनेछ । त्यसपछि जनताको जानकारीका लागि प्रकाशित गरिनेछ । सभामा सामान्य छलफलपछि उक्त विधेयकमाथि संशोधन प्रस्ताव पेश गर्न समय प्रदान हुनेछ । विधेयकमाथि संशोधन प्राप्त भएमा छलफल गरी निर्णयार्थ प्रस्तुत गरिनेछ । संशोधनसम्बन्धी विभिन्न चरण पार गरेपछि दुई तिहाइ सांसदको हस्ताक्षरसहित उक्त विधेयक राष्ट्रियसभामा प्रवेश हुनेछ ।

उक्त प्रक्रिया राष्ट्रियसभामा पनि सैद्धान्तिक छलफलबाट दोहोरिने संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो । विधेयकमाथि कुनै सशोधन प्रस्ताव परेन र सर्वसम्मत भएको खण्डमा छोटो प्रक्रिया र विधिबाट विधेयकलाई अझै छिटो समयमा पारित गर्न सकिने छ । विधेयक दुई तिहाइ आधारमा पारित गर्नुपर्ने संवैधानिक व्यवस्था छ । विधेयक पारित भएपछि सभामुखले प्रमाणित गर्ने र राष्ट्रपतिबाट प्रमाणिकरण भएपछि लागू हुनेछ ।

निशानछाप आवश्यकताअनुसार ठूलो वा सानो आकारको बनाउन सकिने छ । त्यसमा नेपाल सरकारकातर्फबाट निर्धारित रङ्गको प्रयोग हुने संवैधानिक व्यवस्था छ । नेपालको संविधानको अनुसूची ३ मा निशानछापसम्बन्धी व्यवस्था छ । शुक्रबार बसेको मन्त्रिपरिषद बैठकले संविधान संशोधन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो । गएको जेठ २ गते संघीय संसदमा प्रस्तुत नीति तथा कार्यक्रम मार्फत् सरकारले नयाँ नक्सा सार्वजनिक गर्ने घोषणा गरेको थियो ।

# संक्रमित पाँच सय नाघे

## ५२ सय आप्रवासी नेपाली संक्रमित

**केही समय यता लगातार बढिरहेको कोरोना संक्रमणबाट संक्रमित हुनेको संख्या पाँच सय नाघेको छ । तीन जनाको मृत्यु भएको संक्रमणबाट निको भएर घर फर्कनेको संख्या ७० पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ ।

कोरोना भाइरस सङ्क्रमण भएका थप २१ जना शुक्रबार निको भई घर फर्किएका छन् । शुक्रबार निको हुने सबै सङ्क्रमित बाँकेमा रहेको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा उपचार गराइरहेको बताए । निको हुनेमा महिला नौ र पुरुष १२ छन् । योसँगै निको हुनेको सङ्ख्या ७० पुगेको छ । २० दिनको अस्पताल बसाइपछि उहाँहरु आज घर जानुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले बताए ।

स्वास्थ्य मन्त्रालयले पछिल्लो समय १९ जनामा कोभिड-१९ बाट सङ्क्रमण भएको पुष्टि भएको छ । अहिलेसम्ममा नेपालमा सङ्क्रमितको संख्या ५०७ पुगेको मन्त्रालयले पुष्टि गरेको छ । संक्रमित हुने कैलालीको जानकी गाउँपालिकाका १९, २३ र २६ वर्षका पुरुष छन् । डडेल्धुराका २८ र बैतडीका २२ वर्षका पुरुष छन् । बाँकेका १४ जना सङ्क्रमित भएका थिए । शुक्रबार सङ्क्रमित हुने १८ देखि ६१ वर्ष उमेर समूहका रहेका र स्वास्थ्य अवस्था पनि सामान्य रहेको मन्त्रालयले जानकारी दिएको छ ।

हालसम्म यो भाइरस सङ्क्रमण हुने जिल्ला ४० पुगेको छ । नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या तीन पुगेको छ । सरकारले हालसम्म पिसिआर विधिबाट ४२ हजार ४८८ को परीक्षण गरेको छ भने आरडिटीबाट ८२ हजार ११६ को परीक्षण गरेको छ ।



महामारीबाट संक्रमित हुनेको संख्या विश्वभर ५१ लाख नाघेको छ । संक्रमित मध्ये तीन लाख ३५ हजारको मृत्यु भएको छ भने २० लाख संक्रमित निको भएका छन् । संक्रमित हुनेमा अमेरिकामा सवैभन्दा बढी छ ।

अमेरिकामा १६ लाखमा संक्रमण देखिएको छ । त्यस मध्ये ९६ हजारको मृत्यु भइसकेको छ । निको भएर घर फर्कने संक्रमित संख्या अमेरिकामा तीन लाख ८२ हजार छ । दोस्रोमा रुस रहेको छ । रुसमा तीन लाख २६ हजार संक्रमित छन् । विश्वका १९ देशमा भने कोरोना संक्रमित सतप्रतिशत निको भएका छन् ।

विश्वव्यापी महामारीबाट विभिन्न देशमा अहिलेसम्म पाँच हजार दुई सय संक्रमित भएका छन् । गैरआप्रवासी नेपाल संघ (एनआरएनए) का अनुसार, सवैभन्दा बढी नेपाली अमेरिकामा संक्रमित भएका छन् । १५ सय संक्रमित भएका छन् ।

दोस्रोमा यूकेमा छन् । त्यहाँ एक हजार संक्रमित छन् भने ४९ जनाको मृत्यु भइसकेको छ । अमेरिकामा १५ नेपाली मूलका नागरिकको मृत्यु भइसकेको छ । मध्य पूर्वी देशहरुमा २३ सय बढी नेपाली संक्रमित बनेका छन् । बहराइनमा १२६, यूएईमा सय, आयरल्याण्डमा २२, र जापानमा ६ जना संक्रमित देखिएका छन् । संसारका विभिन्न देशमा गरी ७३ नेपालीको मृत्यु भइसकेको छ ।

# विमानमा सवार सबैको मृत्यु

**काठमाडौं/एजेन्सी–** पाकिस्तानमा शुक्रबार दुर्घटना भएको विमानमा रहेका सवैको निधन भएको कराँचीका मेयरले पुष्टि गरेका छन् । दुर्घटनामा परेको विमानमा रहेका ९९ जना यात्रु र ८ जना चालक दलका सदस्य गरी कुल १०७ जनाको मृत्यु भएको हो ।

मेयर वासिम अख्तरले विमन खसेकाले कम्तीमा ५, ६ ओटा घर ध्वस्त भएको पनि जानकारी दिनुभएको छ । क्षति भएको घरमा कोही मानिस थियो कि थिएन वा उनीहरुको मृत्यु भयो कि भएन भन्ने बारेमा पनि विवरण आउन बाँकी रहेको उनले बताए ।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ । दुर्घटनामा परी निधन भएका परिवारजन तथा इष्टमित्रप्रति सहानुभूति व्यक्त गर्दै उनले घटनास्थलमा राम्रो उद्धार गर्न तथा छानविन गर्न पनि निर्देशन दिए ।

पाकिस्तानी सरकारी स्वामित्वको अन्तर्राष्ट्रिय विमान कम्पनीको विमान कराँचीको दक्षिणी नाकामा दुर्घटनाग्रस्त भएको हो । दुर्घटनाग्रस्त विमान पाकिस्तानकै लाहोरदेखि कराँचीतर्फ आइरहेको पाकिस्तानी नागरिक उड्डयन प्राधिकरणका अब्दुल सतार कोखरले बताए ।

विमान जिन्ना अन्तर्राष्ट्रिय विमानस्थल पुग्नु अगाडि नै दुर्घटना भएको प्रत्यक्षदर्शीहरुले बताएका छन् । विमान खसेका ठाउँमा बाक्लो बस्ती छ । मोडेल कोलनीका नाममा रहेको सो बस्तीमा विषेश गरेर गरिव समुदायका मानिसहरु बस्ने गर्दथे ।

प्रत्यक्षदर्शीहरुका अनुसार विमान खस्नु अघि तीन पटक घुमेको थियो । विमानले अवतरण गर्न खोजिरहेको तर नसकेको जस्तो देखिएको उनीहरुले बाँकी पृष्ठ २ मा

# अझै भएन नेपाली फर्काउने निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ

कोरोना भाइरस (कोभिड १९)का कारण विभिन्न देशमा अलपत्र नेपालीहरुलाई स्वदेश फर्काउने विषयमा शुक्रबारको मन्त्रिपरिषद् बैठकले पनि निर्णय गरेन । विदेशमा रहेका गर्भवती महिला, करार र भिसा सकिएका, आममाफी पाएर घर फर्किने बाध्यतामा रहेका वा अध्ययन भ्रमणका क्रममा कोरोना महामारीका कारण अन्तर्राष्ट्रिय उडान रोकिएकाले अलपत्र परेका नेपालीहरुलाई स्वदेश फर्काउनेबारेमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले उचित निर्णय गर्ने अपेक्षा गरिएको थियो ।

तर मन्त्रिपरिषद् बैठक नेपाल सरकारले हालै जारी गरेको नेपालको नयाँ नक्सा अनुरुप संविधानको अनुसूची ३ मा संशोधन गरी नेपालीको निशान छाप संशोधनका लागि संविधान संशोधनको प्रस्ताव सदनमा प्रस्ताव दर्ता गर्ने र मुस्लिम समुदायको पर्व रमजानमा सार्वजनिक विदा दिने निर्णय गरी सकिएको सार्वजनिक भएको छ ।

लकडाउनका कारण दुई महिना अघिदेखि घर फर्किने आशमा रहेका नेपालीलाई घर फर्काउने विषयमा कुनै निर्णय नगर्दा नेपालीहरु निराश देखिएका छन् । उनीहरुमध्ये केहीले वर्तमान सरकारले आफुहरुलाई विदेशमै सडाउन खोजेको भन्दै आगामी दिनमा वर्तमान सत्तारुढ दललाई मतदान नगर्ने चेतावनी दिइरहेका छन् ।

छिमेकी देश भारत र पाकिस्तानले देशमा कोरोना भाइरसको संक्रमण निरन्तर रुपमा बढी रहेपनि विदेशमा रहेका आफ्ना नागरिकहरुलाई निरन्तर रुपमा स्वदेश फर्काइरहेका छन् । भारतले शुक्रबारसम्म विदेशबाट आफ्ना २० हजार नागरिक फर्काएको बताएको छ । तर प्रधामन्त्री केपी शर्मा ओलीले नेपालमा क्वारेन्टाइनको प्रवन्ध गर्न नसकिने र विदेशमा रहेका नेपालीलाई फर्काउँदा महामारीले सबैलाई सोत्तर पार्ने भएकोले भन्न सजिलो भएपनि फर्काएर व्यवस्थापन गर्न भने गाह्रो रहेको बताउँदै आएका छन् ।

यसअघि बिहीबार शहरी विकास मन्त्रालयमा भएको छलफलमा राज्यमन्त्री रामवीर मानन्धरले राजधानीका होटल तथा रिसोर्टलाई क्वारेन्टाइनका रुपमा प्रयोग गरी विदेशबाट नेपाली नागरिकलाई फर्काउने योजना बनिरहेको बताएका थिए ।

शुक्रवारको मन्त्रिपरिषद् बैठकमा विदेशमा रहेका नेपालीलाई फिर्ता ल्याउने विषयमा छलफल भएको तर प्रधानमन्त्री ओलीले क्वारेन्टाइनको भरपर्दो व्यवस्था नभएसम्म विदेशमा रहेको नेपाली नागरिक फर्काउनु जोखिमपूर्ण हुने धारणा राखेपछि निर्णय हुन नसकेको बताइएको छ ।

## वैदेशिक रोजगार विशेष

### लकडाउन अवधिमा २०५ कामदारको मृत्यु

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि गएका नेपालीहरुमध्ये लकडाउनको अवधिमा २ सय ५ जनाको मृत्यु भएको छ । त्यसमध्ये कोरोना भाइरस (कोभिड-१९)का कारण १५ जनाको मृत्यु भएको छ । वैदेशिक रोजगार बोर्डले भने कोरोना भाइरसका कारण मृत्यु भएका नेपाली कामदाहरुको संख्या दश मात्र रहेको पुष्टि गरेको छ । नेपाली दूतावासबाट प्राप्त तथ्यांकले मृतक संख्या दशभन्दा बढी देखाएको छ ।

बोर्डका अनुसार लकडाउनको अवधिमा यूएईमा ४६ जना, मलेसियामा ४४, साउदी अरबमा ४९ जना, कतारमा ४१, कुवेतमा ११, बहराइनमा ३, दक्षिण कोरियामा ३, ओमान र सेसेल्समा १/१ र अन्य देशमा ६ जना गरी २ सय ५ जना नेपाली कामदारको मृत्यु भएको छ । यूएईमा मृत्यु भएका ४६ नेपालीमध्ये ५ जनाको कोरोनका कारण मृत्यु भएको हो । साउदी अरबमा ३ जनाको मृत्यु भएको बोर्डले जनाएपनि नेपाली दूतावासले ७ जनाको कोरोनाका कारण ज्यान गएको बताएको छ । कतारमा मृत्यु बाँकी पृष्ठ २ मा

कोरोना (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# १० करोड बढी घुस लिनेलाई १४ वर्ष जेल !

मध्यान्ह संवाददाता
काठमाडौं, ९ जेठ



१० करोडभन्दा बढी घुस लिनेलाई १४ वर्षसम्मको कैद सजाय हुने विषयमा विधायन व्यवस्थापन समितिमा सहमति जुटेको छ । शुक्रबार भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथिको दफावार छलफलमा १० करोडभन्दा बढी घुस लिनेलाई १० देखि १४ वर्षसम्म कैद सजाय हुने विषयमा सहमति जुटेको हो ।

समिति सभापति परशुराम मेघी गुरुङका अनुसार घुस लिएको रकम जफत हुने र सोही बराबरको जरिवाना गर्ने विषयमा पनि सहमति जुटेको छ ।१ करोड देखि १० करोड सम्म घुस लिने व्यक्तिलाई ८ देखि १० वर्षसम्म कैद हुने प्रावधानमा पनि सहमति जुटेको छ ।

यसअघि १ करोडभन्दा बढी जतिसुकै रकम घुस लिएपनि आठ देखि १० वर्षसम्म कैद र घुस लिएको रकम जफत हुने प्रावधान थियो । १ करोडसम्म घुस लिने व्यक्तिलाई ४ देखि ८ वर्षसम्म कैद हुने प्रावधान थपिएको छ । '५० हजार रुपैयाँसम्म घुस लिएमा १ देखि ६ महिना कैद, ५० हजार देखि १ लाखसम्म घुस लिएमा ६ महिनादेखि १ वर्ष कैद, १ देख ५ लाखसम्म घुस लिएमा २ देखि २ वर्ष कैद, ५ देखि २५ लाखसम्म घस लिएमा २ देखि ४ वर्षसम्म कैद हुने विषयमा सहमति जुटेको छ', सभापति गुरुङले भने, '२५ लाख देखि ५० लाखसम्म घुस लिनेलाई ४ देखि ६ वर्ष कैद, ५० देखि १ करोड घुस लिएमा ४ देखि ८ वर्षसम्म कैद, १ करोड देखि १० करोडसम्म घुस लिएमा ८ देखि १० वर्षसम्म कैद र १० करोडभन्दा बढी रकम घुस लिएमा १० देखि १४ वर्ष सम्म कैद हुने र घुस लिएको रकम जफत गरी सोही अनुसारको जरिवाना गर्ने विषयमा सहमति जुटेको छ ।'

दफावार छलफमा सांसद रामनारायण विडारीले घुस लिएको प्रमाणित भएमा अभियुक्तको मात्रै नभएर सपरिवारको सम्पत्ति जफत हुने व्यवस्था गर्न सके भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने बताए ।

सांसद प्रमिला कुमारीले जति ठूलो रकम घुस लियो त्यती नै बढी कैद सजाय हुने व्यवस्था गर्नुपर्ने बताइन् । अर्बौं रुपैयाँ घोटाला गर्नेलाई कम्तिमा पनि २० वर्ष कैद सजाय हुनुपर्ने उनले बताइन् ।

नेपाल अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको महासन्धीको पक्षराष्ट्र भएकाले सरकारी, नीजि क्षेत्र तथा राजनीतिक क्षेत्रमा हुने भष्टाचार नियन्त्रणलाई व्यवस्थित गर्न पनि ऐन संशोधन थालिएको सभापति गुरुङले बताए । ऐन संशोधनपछि सरकारी सेवाका क्षेत्र तथा निजी क्षेत्र र राजनीतिक क्षेत्रमा कुन तहसम्म जान सकिन्छ भन्ने विषयको टुंगो लाग्ने उनले बताए ।

# भत्ता नरोक्न निर्देशन



**काठमाडौं/मस–** संसदीय समितिले ६० वर्ष मुनिका एकल महिला र अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता नरोक्न सरकारलाई निर्देशन दिएको छ । संघीय संसद, प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक समितिको शुक्रबारको बैठकले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका ६० वर्ष भन्दा मुनिका एकल महिला, फरक क्षमता भएका, बालबालिका, लोपोन्मुख जातिका नागरिकलाई दिदै आएको सामाजिक सुरक्षा बापतको भत्ता नरोक्न गृह मन्त्रालयलाई निर्देशन दिएको हो ।

समिति सभापति निरुदेवी पालले सरकारले सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा यसअघि गर्दै आएका कामहरुको विवरण समितिमा उपलब्ध गराउन र उपलब्ध गराउँदै आएको सुविधालाई निरन्न्तरता दिन निर्देशन दिइएको बताए ।

उनले भनिन्, 'नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न अशक्त र असाहय अवस्थमा रहेका एकल महिला, अपाङ्गता भएका फरक रुपले सबल, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोपोन्मुख जातिका नागरिकहरुको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने, सामाजिक सुरक्षा सम्बन्धी कानूनहरु र प्रचलित व्यवहारबीच भिन्नता देखिएको कारण लाभग्राहीहरुलाई समस्या देखिएको भनि सम्बन्धित पक्षहरुबाट यस समितिमा गुनासोहरु प्राप्त भएकोले सो सम्बन्धमा भए गरेका कामहरुको विस्तृत विवरण यथाशीघ्र यस समितिलाई उपलब्ध गराउन, तथा महामारीको परिवेशमा उपलब्ध गराउँदै आएको सुविधालाई निरन्तरता दिन आवश्यक रहने देखिएकोले प्रचलित सामाजिक सुरक्षा भत्ता हाललाई यथावत राख्न समिति नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन गर्दछ ।'

बैठकमा सांसदहरुले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका व्यक्तिहरुलाई दिँदै आएको सामाजिक सुरक्षा भत्ता रोक्न लागिएको भन्दै विरोध गरेका थिए । ६० वर्ष भन्दा कम उमेरका एकल महिला तथा अपाङ्गता भएका व्यक्तिको भत्ता सरकारले रोकेको भन्दै उक्त कदमलाई समितिले रोक्नुपर्ने सांसदहरुले बताएका थिए । उनीहरुले असाहय व्यक्तिको भत्ता अझ बढाएर उनीहरुलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका छन् ।

सरकारले सामाजिक सुरक्षा ऐन २०७५ मा त्रुटि रहेको र यसमा हेरफेर गर्नुपर्ने भन्दै ६० वर्ष मुनिका एकल महिला र अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता रोकेको छ । सरकारी तथ्यांक अनुसार देशभर २ लाख व्यक्तिले अपाङ्गता परिचय पत्र लिएका छन् । त्यसमध्ये ५१ हजार ९ सय ४ जना पूर्ण अपाङ्गता भएका र ९७ हजार जना अति अशक्त अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन् । यस्तै करिब ६ लाखको संख्यामा एकल महिला रहेका छन् ।

## वडाध्यक्ष, सचिवलगायत आधा दर्जन व्यक्ति किर्ते मुद्दामा संलग्न
# पक्राउ पुर्जी जारी, पक्राउ गर्न आलटाल



गौरीशंकर जयसवाल/मध्यान्ह
परासी ९ जेठ

पश्चिम नवलपरासीको एक गाउँपालिकाका वडा अध्यक्ष र वडा सचिवलगायत आधा दर्जन व्यक्तिहरु किर्ते मुद्दामा संलग्न रहेको खुलेको छ । जिल्ला अदालत पश्चिम नवलपरासीले उक्त मुद्दामा संलग्नलाई पक्राउ गर्न अनुमति दिएको भए पनि प्रहरीले पक्राउ गर्न आलटाल गरेको पीडित पक्षले वताएका छन् ।

वडा अध्यक्ष र अन्य संलग्न व्यक्तिहरु खुलेआम गाउँमा घुमिरहेको भएपनि प्रहरी चौकी गेर्मीले उनीहरुलाई पक्राउ गरेको छैन । पाल्हीनन्दन गाउँपालिका वडा नम्बर ४ का वडा अध्यक्ष ओम प्रकास तेली, वडा सचिव गोविन्द कोहार, सो गाउँपालिकाका तत्कालिन सचिव नन्दलाल कोहार, कार्यालय सहयोगी अमरलाल कोहार र ओमप्रकाश तेली गुप्ता सुवेदार शेषको विवाह दर्ता प्रमाणपत्रको किर्ते गरी मिति सच्याएको अभियोगमा संलग्न रहेको खुलेको छ । रामग्राम नगरपालिका ५ बस्ने सुवेदार शेषको जाहेरीले लिखत सम्बन्धी कसुर मुद्दामा वडा अध्यक्ष, कार्यालय सहयोगी अमरलाल कोहार, ओमप्रकाश तेली गुप्ता फरार रहेका छन् ।

सोही मुद्दामा वडा सचिव गोविन्द कोहारलाई पुर्पक्षका लागि कारागार कार्यालय पश्चिम नवलपरासीमा थुनामा पठाएको छ भने पाल्हीनन्दन गाउँपलिकाका तत्कालिन सचिव नन्दलाल कोहार ६० हजार धरोटीमा तारेखमा छुटेको जिल्ला अदालत पश्चिम नवलपरासीका निमित्त श्रेस्तेदार तिर्थराज शर्माले बताएका छन् । २०६५ साल भदौ १५ गते जारी विवाह दर्तालाई निजहरुको मिलोमतोले २०६० साल चैत १५ गते बनाएको अभियोग सहित किर्ते मुद्दा परेको थियो ।

प्रतिवादी सुवेदार शेष र रुक्साना शेष श्रीमान-श्रीामती हुन् । अंशको विवाद भएपछि श्रीमती रुक्साना शेषले विवाह दर्ता प्रमाणपत्र सच्याएको भनि जिल्ला अदालत नवलपरासीमा श्रीमान सुवेदार शेषले मुद्दा दिएका थिए । किर्ते मुद्दामा संलग्न भएको ठहर भएमा ७ वर्ष कैद र ७० हजार जरीवाना हुने कानुनी व्यवस्था रहेको निमित्त श्रेस्तेदार शर्माले बताए ।

# वडाध्यक्षको सकृयतामा २ सयको स्वाब परीक्षण




इमरान खान/मध्यान्ह
कपिलवस्तु, ९ जेठ

कपिलवस्तु नगरपालिका वडा नं. ८ मा बुधबार र बिहीबार गरी लगभग २०० जनाले स्वाव परिक्षण गराएका छन् । यस क्षेत्रका अन्य गाउँपालिका र नगरपालिकाको तुलनामा कपिलवस्तु नगरपालिका वडा नं.८ का अध्यक्ष शिवकुमार पाण्डेयको सक्रीयताले कोभिड-१९ को परिक्षण तीव्ररुपले भएको भन्दै त्यहाँका स्थानीयहरुले खुशी व्यक्त गरेका छन् ।

जनताको हितका लागि अहिलेको बिषम परिस्थितिमा समेत वडाध्यक्ष पाण्डेय दिन रात आफ्नो कार्यक्षेत्रभित्र विभिन्न स्थानमा रहेको क्वारेनटाइनमा सक्दो सेवा सुविधा पुऱ्याउन सक्रिय रहेका छन् ।

आफू जनताको हितको लागि सधै समर्पित रहेको वडाध्यक्ष पाण्जेयले बताए । पिसिआर परिक्षणको दुई दिन पछि रिपोर्ट आउने र क्वारेनटाइनमा यस पछि मात्र अरु नागरिकहरुलाई राख्नुपर्ने हुन सक्ने पाण्डेयले जानकारी दिए ।

# अमेरिकामा कोरोनाबाट थप एक नेपालीको मृत्यु

गणेश थापा/मध्यान्ह
क्यालिफोर्निया, ९ जेठ



कोरोना भाइरसको संक्रमणबाट संयुक्त राज्य अमेरिकामा थप एक जना नेपालीको ज्यान गएको छ । अमेरिकाको कनेक्टिकट राज्यमा बस्दै आएका राजसेन ठकुरीको कोरोना भाइरसको सक्रमणका कारण मृत्यु भएको हो ।

स्थायी घर तनहुँ भएका ठकुरीको बुधवार साँझ मृत्यु भएको मेरिल्याण्ड राज्यका राज्यसभा सदस्य ह्यारी भण्डारीले जानकारी दिएका छन् । प्राप्त जानकारी अनुसार ठकुरी नेपालका पूर्व राष्ट्रिय भलिबल खेलाडीसमेत भएको बताइएको छ।

योसँगै कोरोना भाइरसको सक्रमणबाट अमेरिकामा मृत्यु हुने नेपालीको संख्या १६ पुगेको छ । प्रवासमा रहेका नेपालीहरू मध्ये संक्रमितको संख्या अमेरिकामा सवैभन्दा धेरै रहेको छ । यहाँ संक्रमित नेपालीहरूको संख्या २ हजारको हाराहारीमा रहेको बताइएको छ ।

यसैबीच लामो समय झापास्थित भुटानी शरणार्थी शिविर बेलडाँगीमा बसेर अमेरिका आएकी भुटानी महिला विष्णुमाया सुब्बाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । केन्टकी राज्यको लुइभेलमा बल्दै आएकी करीव ६० वर्षीया सुब्बाको स्थानीय एक अस्पतालमा उपचारकोक्रममा बिहीबार निधन भएको हो । यसअघि सोही ठउँमा बस्दै आएका एक भुटानी शरणार्थी युवाकोसमेत कोरोना संक्रमणबाट ज्यान गएको थियो । उता अमेरिकी राज्य मेरिल्याण्डमा बाग्लुङका २५ वर्षीय आशिष के सीको तलाउमा डुबेर गत आइतवार ज्यान गएको छ। कोरोना भाइरसको संक्रमणबाट हालसम्म अमेरिकामा मृत्यु हुनेको संख्या ९६ हजार नाघेको छ भने संक्रमित संख्या समेत बढेर १६ लाख माथि पुगिसकेको छ ।

यता कोभिड-१९ को महामारीबाट प्रभावितलाई अमेरिकी सरकारले वितरण गरिरहेको १२ सय डलरको राहत रकम अब प्राप्त गर्न बाँकी करीव ४० लाख अमेरिकाबासीलाई डेविट कार्ड मार्फत वितरण गरिने सम्बन्धित सरकारी अधिकारीहरूले उल्लेख गरेका छन् ।

यसैबीच कोरोना महामारीका कारण रोकिएको डिभी लोटरीको नतिजा जुन ६ मा सार्वजनिक हुने भएको छ । हाल अध्यागमनसंग सम्बन्धित केही कामकारवाहीहरू भने केही समयका लागि अस्थायी रूपमा सरकारले स्थगित गरेको छ । कोभिड-१९ सँगको आन्तरिक लडाइमा कडा संघर्षरत अमेरिकामा भाइरस नियन्त्रणका लागि लामो समय लाग्नसक्ने स्वास्थ्य क्षेत्रका विज्ञहरूले बताउँदै आएका छन् ।

# प्रेस काउन्सिलद्वारा कारबाही




**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले कोरोना संकटका बेला पनि आचारसंहिता उल्लंघन गर्ने ५९ वटा सञ्चारमाध्यमलाई स्पष्टीकरण माग गरेको छ । २०७६ चैत १० गतेदेखि २०७७ जेठ ८ गतेको अवधिमा काउन्सिलले कोरोना संक्रमणको विषयमा विना तथ्य समाचार सम्प्रेषण गर्ने ५९ सञ्चारमाध्यमलाई स्पष्टीकरण सोधेको हो ।

त्यस्तै काउन्सिलले आचारसंहिता उल्लंघन गर्ने अन्य २२ वटा सञ्चारमाध्यमलाई सचेत गराएको, ४० वटा सञ्चारमाध्यमलाई निर्देशन दिएको, १४ वटा सञ्चारमाध्यमलाई ध्यानाकर्षण गराएको, १ वटा सञ्चारमाध्यमलाई अन्तिम चेतावनी दिएको तथा ७० वटा सञ्चारमाध्यमलाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारबाही गरेको काउन्सिलका सह-प्रशासकीय अधिकृत एवं सूचना अधिकारी दीपक खनालले विज्ञप्ति मार्फत जानकारी दिए ।

काउन्सिलले ती सञ्चारमाध्यमलाई स्वअनुगमन तथा विभिन्न उजुरी प्राप्त भए अनुसार कारबाहीको दायरामा ल्याएको सह-प्रशासकीय अधिकृत खनालले बताए ।

# भेटेरीनरी सेवालाई अत्यावश्यक सेवामा राख्न सर्वोच्चको आदेश




**काठमाडौं/मस–** सर्वोच्च अदालतले भेटेरीनरी सेवालाई अतिआवश्यक सेवाको सूचीमा राख्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीशद्वय सपनाप्रधान मल्ल र हरिप्रसाद फुँयालको संयुक्त इजलासले बिहीबार जारी गरेको आदेश शुक्रबार सार्वजनिक गर्दै सरकारले बन्दाबन्दी समयमा सरकारले भेटेरीनरी सेवालाई अतिआवश्यक सेवामा राख्न अन्तरिम आदेश जारी गरेको छ ।

आदेशमा भनिएको छ, ' हालसम्म आवश्यक सेवाको सूचीमा भेटेरीनरी सेवालाई समावेश गरेको नेदेखिएकाले बन्दाबन्दीको समयमा पनि पशुस्वास्थ्य प्रयोगशालाको सञ्चालनका लागि भेटेरीनरी सेवालाई आवश्यक सेवाको सूचीमा राख्न आश्यक व्यवस्था मिलाउनु ।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले गृहमन्त्रालयमा पत्र पठाइसकेको भएता पनि हालसम्म भेटेरीनरी सेवालाई अतिआवश्यक सेवामा नराखेको हुँदा राख्नका लागि आदेशमा भनिएको छ । कोरोना भाइरसको सम्भावित जोखिमबाट बच्नका लागि सरकारले गरेको बन्दाबन्दीका समयमा भेटेरीनरी सेवालाई अतिआवश्यक सेवामा राख्न माग गर्दै नेपाल भेटेरीनरी एशोसिएशनका तर्फबाट अध्यक्ष डा शितलकाजी श्रेष्ठले गत वैशाख २८ गते रिट निवेदन दायर गरेका थिए । सो निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै पशुलाई पनि बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न आदेश जारी गरेको हो ।

रिट निवेदनमा पशुले रोग र पीडाबाट पाउनुपर्ने मुक्तिको सुनिश्चितता पनि लकडाउनको अवस्थामा गर्न नसकिएको र पौष्टिक भोजन तथा स्वास्थ्यको दृष्टिकोणबाट पनि पशुपालन व्यवसायलाई हेर्नुपर्ने कानूनी दायित्व पालना हुन नसक्ने उल्लेख थियो ।

# कतारद्वारा एनआरएनएलाई डेढ करोडको खाद्यान्न सहयोग

**काठमाडौं/रासस–** कतारमा रहेका नेपाली श्रमिकका लागि कतारी सरकारले खाद्यान्न उपलब्ध गराएको छ ।
कोरोना संक्रमणमा परेर रोजगारी गुमाएका श्रमिकको सहयोगार्थ कतारी सरकारले एक लाख ३४ हजार डलर (करीब रु एक करोड ६० लाख) बराबरको खाद्यान्न सहयोग उपलब्ध गराएको एनआरएनले जनाएको छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) अध्यक्ष कुमार पन्तका अनुसार सो खाद्यान्न सरकारले संस्थाको कतार शाखालाई हस्तान्तरण गरेको छ । पन्तले सरकारद्वारा प्राप्त सहयोग एनआरएनए कतारको सक्रियतामा नेपाली श्रमिकलाई वितरण भइरहेको जानकारी दिए । एनआरएनका सचिव आरके शर्माका अनुसार कतारी सरकारले त्यहाँस्थित एक च्यारिटी संस्थामार्फत सात हजार पोका खाद्यान्न संघलाई दिएको हो ।

कतारमा करीब तीन लाख ५० हजार नेपाली रहेको अनुमान छ । कतार सरकारको जनस्वास्थ्य मन्त्रालयले बिहीबार प्रकाशन गरेको सूचनामा पछिल्लो २४ घण्टामा पाँच हजार ४५ जनामा जाँच गर्दा थप एक हजार ५५४ जनामा कोरोना संक्रमण भेटिएको जनाइएको संस्थाको कतार शाखाका अध्यक्ष मोहम्मद मुक्तदाले बताए । तीमध्ये छ८८ जना निको भएको र एक जनाको मृत्यु भएको स्वास्थ मन्त्रालयले जनाएको मुक्तदाले जानकारी दिए ।

# आलमको घरमा छापा



**रौतहट/मस–** राजपुर बमकाण्डका फरार अभियुक्त महताब आलमलाई पक्राउ गर्न प्रहरीले पूर्वमन्त्री आफताब आलमको घरमा खानतलासी गरेको छ । बिहीबार राति महताब आलमलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयको टोली राजपुरमा रहेको आफताब आलमको घरमा छापा मारेको हो ।

बमकाण्डका फरार अभियुक्त महताब आलम घरमा रहेको गोप्य सूचनाका आधारमा छापा मारिएको प्रहरीले जानकारी दिएको छ । खानतलासीका क्रममा परिवारजन र स्थानीयले प्रहरीलाई अवरोध गरे पछि प्रहरीले हवाई फायर समेत गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख उपरिक्षक रविराज खडकाले जानकारी दिए । सो क्रममा १२ राउण्ड हवाइ फायर गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले खोजेको व्यक्ति महताब आलम भने फेला नपरेको बताइएको छ । राजपुर बमकाण्ड घटनाका आरोपीहरु मोहमद महताब आलम, मोहम्द मोबिन आलम, शेख भदई, शेख सेराज, शेख फजले हक, सगिर आलम, शेख मलकार, बद्री सहनी, मुक्ति साह लयायतका व्यक्ति प्रहरीको फरार सूचीमा रहेका छन्।

मध्य रातमा प्रहरीले गरेको खानतलाशीको स्थानीयले विरोध गरेका थिए। रातिको समयमा ढोका फुटाएर गरिएको प्रहरी कारवाहीको स्थानियलाई त्रसित बनाएको भन्दै उनीहरुले यसको विरोध गरेका हुन् । २०६४ चैत्र २७ गते राजपुर फरहदवामा भएको बमकाण्डका मुख्य आरोपी रौतहट क्षेत्र नम्बर २ का सासंद तथा पूर्व मन्त्री मोह्मद आफताब आलमलाइ २०७६ असोज २६ गते इद्रिस गेट अगाडि बाट प्रक्राउ गरेको थियो ।

आलमलाई बमबारुद बनाउने तथा विस्फोटन सम्बन्धी कसुर र घटनाका जीवीत घाइतेको बयानका आधारमा ज्यान मार्ने मुद्दा समेतको अभियोगमा जिल्ला अदालत रौतहटले २०७६ कार्तिक २९ मा पुर्पक्षको लागी कारागार चलान गरेको छ । उनी हाल उनी काठमाण्डौंको नख्खु कारागारमा छन् ।

**लकडाउन...**

भएका ४१ जनामध्ये १ जनाले कोरोनाका कारण ज्यान गुमाएका छन् । त्यस्तै टर्की र अन्य एक देशमा गरी २ जना नेपाली कामदारको ज्यान कोरोनाले लिएको छ ।

**विमानमा...**

बताए । घटनास्थलमा प्रहरी, सैनिक, स्वयंसेवकलगायतलाई परिचालन गरिएको अधिकारीहरुले जानकारी दिएका छन् ।

स्थानीय टेलिभिजनहरुले घटनास्थलमा आगो बलिरहेको, स्वयंसेवक तथा सुरक्षाकर्मीहरुले आगो निभाउन खोजेको र उद्धार गर्न लागिरहेको दृश्य प्रसारण गरिरहेका छन् । कोरोनाभाइरस महामारीका कारण अवरुद्ध आन्तरिक वायुसेवा दुई महिनापछि भर्खरै मात्र पुनः सञ्चालनमा आएको हो ।

## ए डिभिजन लिगको टेक्निकल रिपोर्ट सार्वजनिक

# ‘रंगशालामा क्वारेन्टिन नबनाऊ’ : एन्फा

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ९ जेठ

अखिल नेपाल फुटबल संघ (एन्फा) ले शहीद स्मारक ‘ए’ डिभिजन लिग फुटबलको प्राविधिक प्रतिवेदन (टेक्निकल रिपोर्ट) सार्वजनिक गरेको छ । एन्फाले शुक्रबार राखेप सदस्य सचिव रमेश सिलवालबाट लिगको गतिविधि समेटिएको प्राविधिक प्रतिवेदन सार्वजनिक गरेको हो । एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पा र लिग संयोजक विज्ञान शर्माले प्रतिवेदन राखेप सदस्यसचिव सिलवाललाई हस्तान्तरण गरेका थिए ।




सहिद स्मारक ‘ए’ डिभिजन लिग सकिएको करिब ३ महिनापछि एन्फाले राखेपलाई टेक्निकल रिपोर्ट बुझाएको हो । यसअघि यस्तो रिपोर्ट तयार पार्ने प्रचलन नै थिएन । पहिलो पटक सार्वजनिक गरिएको रिपोर्ट दक्षिण एशियामै पहिलो भएको एन्फा अध्यक्ष शेर्पाले दावी गरेका थिए । लिग गत वर्षको फागुनमा सम्पन्न भएको थियो । लिगको उपाधि पहिलो पटक मछिन्द्र फुटबल क्लबले जितेको थियो ।

टेक्निकल रिपोर्टमा लिगको विजेताको नाम, सहभागी क्लब, लिगमा भएका सबै गतिविधी, खेलाडीको नामावली, पहेलो कार्ड, रातो कार्ड लगायतको जानकारी रहेको छ ।

**दर्शकविना खेल सञ्चालन गरौं**

राखेप सदस्य सचिव सिलवालले कोरोना भाइरसको महामारीका कारण स्थगित भएका नेपाली खेलकुदलाई पुनः शुरु गर्ने विषयमा छलफल थालेको बताए । अखिल नेपाल फुटबल संघ एन्फाको कार्यक्रममा सदस्य सचिव सिलवालले वी डिभिजन स्थगित भएको, सी डिभिजन सञ्चालन नभएको विषयमा कुरा गर्दै अब नेपालमा पनि दर्शक विनाको खेल सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले भने फुटबलको क्यालेण्डर मिलाउन पनि दर्शक विनाको खेल सञ्चालन गर्ने गरि एन्फासँग छलफल भइरहेको बताए । कोरोनाको त्रास कम गर्न पनि खेलकुद प्रतियोगिताहरु क्रमश ट्र्याकमा ल्याउनुपर्ने सदस्य सचिव सिलवालको भनाई थियो । यस्तै व्यक्तिगत गेमका खेलाडीहरुलाई पनि क्रमश अब सामाजिक दूरी कायम राखेर अभ्यास गराउनका लागि राखेपले शुरु गरेको पनि बताए ।

एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले दर्शक विनाको प्रतियोगिता सञ्चालन गर्ने विषयमा आफूहरु सकारात्मक रहेको बताए । यस विषयमा परिषद्सँग थप छलफल गरेर अघि बढ्ने पनि बताए ।

विश्वमा पनि यतिबेला खेलकुद सुचारु गर्नका लागि विना दर्शक विशेष सावधानी अपनाएर खेल गराउने विभिन्न योजना बनाइरहेका छन् । यस्तैमा बुन्डेसलिगा विना दर्शक सुचारु भइसकेको छ भने प्रिमियर लिग, ला लिगा, सिरी ए, सुचारु हुने तयारीमा छन् ।

यस्तै विभिन्न देशका खेलकुद गतिविधी पनि विना दर्शक गराउने विभिन्न योजनाहरु भइरहेका छन् । अब नेपालमा पनि विना दर्शक खेलकुद गतिविधी गर्दा यो क्षेत्रमा चलायमान हुने निश्चित छ । तर त्यसका लागि सरकारले नै यसको स्विकृती देला की नदेला भन्नेमा भने अन्योल नै रहेको छ ।

**रंगशालामा क्वारेन्टिन नबनाउ**

कोरोना भाइरसको महामारीका कारण क्वारेन्टिनका लागि दशरथ रंगशालालाई प्रयोग गर्न नदिन अखिल नेपाल फुटबल संघ एन्फाले माग गरेको छ । काठमाडौंमा विदेशबाट नागरिकहरु फिर्ता ल्याएपछि रंगशाला परिसर पनि क्वारेन्टिनका लागि प्रयोग गर्ने भन्दै केही दिन अघि क्राइसीस म्यानेजमेन्ट सेन्टरले अनुगमन गरेको थियो ।

अनुगमन समितिले काठमाडौंका विभिन्न पार्टी प्यालेस स्कूलहरु अनुगमन गर्ने क्रममा दशरथ रंगशाला पनि अनुगमन गरेको थियो । आवश्यक परे रंगशालामा कम्तिमा ५ हजार




जनालाई राख्न सकिने अनुमान गरिएको छ । तर, यस विषयमा एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले दशरथ रंगशालामा क्वारेन्टिन बनाउने विषय आफूले सुनेको बताउँदै यसलाई रोक्न सदस्य सचिवलाई आग्रह गरे ।

‘उनले भने रंगशाला क्वारेन्टिन बनाउने खबर सुनेको छु, अहिले अन्तर्राष्ट्रिय स्तरको रंगशाला भएको बेला क्वारेन्टिन बनाउँदा मैदान काम नलाग्ने हुन्छ । त्यस विषयमा सदस्यसचिव गम्भीर हुनुपर्छ ।’ साथै एन्फा अध्यक्ष शेर्पाले रंगशालाको साटो अनेत्र क्वारेन्टिन बनाउन आफूहरु सहयोग गर्न तयार रहेको पनि बताए ।

एन्फा टेक्निकल सेन्टर प्रयोग गर्न दिएको बताउँदै अहिलेको अवस्थामा अन्तर्राष्ट्रिय स्तरको रंगशालाको मैदान विगार्न नहुने बताएका हुन् । मैदान नविगारेर भौतिक संरचना प्रयोग गर्दा भने आफूहरुलाई केही फरक नपर्ने बताए । यस्तै महासचिव इन्द्रमान तुलाधरले पनि रंगशालाको मैदान विग्रने गरि काम गर्ननहुनेमा जोड दिएका थिए ।

सदस्य सचिव सिलवालले भने अहिलेसम्म अनेत्र नै विकल्प खोजिएको बताउँदै अन्तिम अवस्थामा मात्रै रंगशाला प्रयोग हुने भएकाले आत्तिनुपर्ने अवस्था नरहेको बताए । परिषद् पनि रंगशालको मैदान विगार्ने पक्षमा नरहेको बताउँदै अब भयावह अवस्थानै आयो भने आफूले रोक्न नसक्ने बताए । क्वारेन्टिन बनिहाले पनि कर्भडहल सेभि कभर्डहल हुँदै रंगशालाको भवनलाई प्राथमिकता दिइने बताउँदै बर्षातको समयमा मैदानमा टेन्ट टाँगेर साध्य नहुने पनि सदस्य सचिवको भनाई छ ।

नेपालमा कोरोना संक्रमणको सुरुवात भएपछि अखिल नेपाल फुटबल संघ एन्फा र राष्ट्रिय खेलकुद परिषद् एन्फाले पालैपालो आफ्नो मातहतमा रहेका हरेक पूर्वाधारलाई सरकारले क्वारेन्टिन बनाउने सक्ने भन्दै विज्ञेप्ति नै जारी गरेका थिए ।

तर यतिबेला दशरथ रंगशालालाई क्वारेन्टिन बनाउन नहुने भन्दै एन्फाले अपिल गरेको छ । यसअघि एन्फाले रौतहटको महिला एकेडेमी, बुटलवको टेक्निकल सेन्टर र सातदोबाटोको एन्फा एकेडेमीलाई क्वारेन्टिन बनाएको र बनाउने तयारी गरेको भन्दै आफैले तस्विरहरु मिडियामा दिएको थियो ।

यता परिषद्ले नै आफ्नो मातहतका पूर्वाधार क्वारेन्टिन बनाउने घोषणा गरिकेको अवस्था रंगशालालाई बनाउन हुन्न भन्ने अपिल सार्थक नभएको देखिन्छ ।

किनकी, काठमाडौंमा भयाबह स्थिति भयो भने पहिलो प्राथमिकता स्वास्थ्य हुन्छ, त्यसलाई सकैले रोक्नुपर्छ भनेर रोकेर सकिन्न । २०७२ सालको भूकम्प आउँदा पनि रंगशाला भूकम्प पीडितका लागि आवश क्षेत्र बनाइएको थियो । तर त्यतिबेला भूकम्पका कारण भौतिक संरचनाहरु आफै विग्रीएकाले मैदान प्रयोग भएको थियो । तर अहिले भूकम्प पछि पुनर्निर्माण भएको र मैदान पनि उत्कृष्ट भएकाले विगार्न नहुने पक्षमा खेल क्षेत्रका व्यक्तिहरुले धारणा राख्ने गरेका छन् ।

## भारतको जिडिपी २० प्रतिशत बढ्ने अनुमान

**लन्डन, एजेन्सी–** भारतको सन् २०२० को अन्तिम चौमासिकमा देशव्यापी लकडाउन हटाइए कूल गार्हस्थ्य उत्पादन (जिडिपी) करिब २० प्रतिशतले बढ्ने अनुमान गरिएको छ । लकडाउनका कारण दोस्रो चौमासिकमा समग्र अर्थतन्त्रमा नकारात्मक असर परिरहेको अवस्थामा गोल्डम्यान स्याक्सले नयाँ पूर्वानुमान सार्वजनिक गरेको हो ।



विश्वका सबैजसो मुलुकमा कोरोनाभाइरस प्रसार रोक्ने उद्देश्यले जारी लकडाउनका कारण अर्थतन्त्रमा नकारात्मक असर परेको छ, तर पछिल्ला दिनहरूमा कोरोनाभाइरसको प्रसारमा केही कमी आएकाले लकडाउनलाई सहज तुल्याउन विभिन्न कदम चाल्न थालिएको छ ।

गोल्डम्यान स्याक्सको अनुमानमा भनिएको छ, “लकडाउन अस्थायी हुनु पर्दछ । गरिब मुलुकका लागि यसले अझ बढी समस्या सिर्जना गर्नेछ । खासगरी यसबाट आर्थिक क्षति बढी नै हुनेछ ।”

अब्सा बैंकका अनुसार दक्षिण अफ्रिकाको अर्थतन्त्र दोस्रो चौमासिक अवधिमा करिब २४ प्रतिशतले कमी आउने छ । उप-सहारा अफ्रिकी क्षेत्रमा विदेशी सहायतामा हुने कटौतीबाट करिब ४ करोड २० लाख मानिस विषम गरिबीमा फस्नेछन् । उनीहरूले प्रतिदिन १.९० डलरभन्दा कम आम्दानीमा बाँच्नु पर्नेछ ।

विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरस महामारीका कारण खोप कार्यक्रममा पनि असर पर्ने चेतावनी दिएको छ । अफ्रिकामा यो कार्यक्रम रोकिए त्यसबाट बालमृत्यु नाटकीय रूपमा बढ्ने छ ।

तीन महिनासम्मको लकडाउन सँगै टिबी उपचार सेवा १० महिना रोकिए सन् २०२० देखि २०२५ को अवधिमा १४ लाखको मृत्यु हुन सक्ने स्वास्थ्य संगठनको भनाई छ ।

कोरोना महामारीकै कारण संयुक्तराज्य अमेरिकामा बेरोजगारी दर ३.५ प्रतिशतबाट अप्रिलमा १४.७ प्रतिशत पुगेको छ भने बेलायतमा हरेक एक तिहाई नयाँ स्नातक उत्तीर्ण युवा बेरोजगार हुँदैछन् ।

गोल्डम्यानका अनुसार अमेरिकामा पर्यटन सेवा, कच्चा सामग्री, कार निर्माण र अरू सेवा क्षेत्रमा लगानीको सम्भावना निकै घटेको छ । श्रम बजारमा देखिएको समस्या सुल्झाउन वर्षौं लाग्नेछ ।

अर्थतन्त्रमा निकै गम्भीर र नकारात्मक असर देखिए पनि लकडाउन खोल्दा त्यसबाट उत्पन्न हुने दोस्रो चरणको भाइरस प्रसार रोक्नु अर्को चुनौती हुनेछ । इरानमा भाइरस प्रसारको दरमा कमी आएपछि सरकारले लकडाउनमा सहज तुल्याए पनि फेरि संक्रमण दर उच्च देखिएको थियो ।

यही अवस्था विकसित अन्य मुलुकमा पनि देखिएको छ । अस्ट्रेलिया, न्यूजील्याण्ड, सिंगापुर, कोरिया र चीनमा संक्रमणमा कमी आए पनि पूर्ण रूपमा व्यवसाय खोल्न र अन्तर्राष्ट्रिय सीमाहरू खुकुलो बनाउन हिच्किचाइरहेका छन् ।

## जापानद्वारा २ खर्ब ७९ अर्ब डलरको व्यवस्था

**टोकियो, एजेन्सी–**जापानको केन्द्रीय बैंकले कोरोनाभाइरसबाट ठूलो क्षति व्यहोर्न बाध्य जापानका साना व्यवसायीका लागि २ खर्ब ७९ अर्ब डलरको ऋण व्यवस्था गरेको छ । जापान अहिले विश्वमै तेस्रो ठूलो अर्थव्यवस्था भएको मुलुक हो ।

बैंक अफ जापानले यसअघि पनि साना तथा मझौला उद्योग व्यवसायका लागि सहुलियत दरमा ठूलो परिमाणको ऋण व्यवस्था गरेको थियो ।



कोरोनाभाइरसबाट विश्व अर्थतन्त्रमा ठूलो क्षति पुग्नु अघि नै जापानी अर्थव्यवस्था प्राकृतिक प्रकोप र उपभोग्य वस्तुमा बढाइएको करबाट निकै ठूलो संकटमा थियो । सोमबार प्रकाशित आर्थिक विवरणमा सन् २०१५ को पहिलो चौमासिक अवधिमै जापानको अर्थतन्त्र मन्दीमा रहेको देखिएको छ । जापानी अर्थशास्त्रीहरूले जापानको अर्थव्यवस्थामा अझै ठूलो संकट आउने अनुमान गरेका छन् । गत महिना जापानको केन्द्रीय बैंकले अर्थतन्त्रलाई गतिशील तुल्याउन तथा कोरोनाभाइरसका कारण सिर्जित समस्या सुल्झाउन नयाँ मौद्रिक नीति अघि सारेको थियो ।

## टोकियो ओलम्पिकको लोगो दुरुपयोग




**काठमाडौं, एजेन्सी–** कोरोना भाइरसको जस्तै चित्र समावेश गरेर टोकियो ओलम्पिकको लोगो जापानको एम मिडियाले समाचार प्रकाशन गरेपछि आलोचना भएको छ । टोकियो ओलम्पिकको आयोजक कमिटीले लोगो प्रति आपत्ती जनाएपछि सो मिडियाले लोगो भने हटाएको छ । जापानको अन्तर्राष्ट्रिय करेस्पोन्डेन्ट क्लबले आफ्नो वेबसाइटमा यस्तो लोगो राखेको थियो । ‘विश्व समूदाय नै कोभिड-१९ विरुद्ध लडिरहेका बेला यस्तो क्रियाकपाल आपत्ती जनक छ,’ टोकियो ओलम्पिक आयोजक कमिटीका प्रमुख कार्यकारी अधिकृत तोसिरो मुतोले भने । कार्यकारी अधिकृत मुतोले यो क्रियाकलापले लोगोको प्रतिष्ठामा आँच पुर्‍याएको बताए पनि कानुनी कारवाहीको कुनै कुरा भने गरेनन् ।

सो प्रेस क्लबले क्षमा याचना गर्दै लागो तत्काल हटाएको छ । ‘हामीले प्रकाशन गरेको चित्रबाट पर्न गएको असुविधा प्रति लज्जित छौं,’ प्रेस क्लबका अध्यक्ष खाल्दोन अझारीले भनेका छन् ।

यसैबीच, कोरोना भाइरसका कारण एक बर्ष पछाडी धकेलिएको टोकियो ओलम्पिक २०२१ मा पनि हुन निकै कठिन हरेको अष्ट्रेलियन ओलम्पिक कमिटीका प्रमुख जोन कोट्सले बताएका छन् । कोरोनाको संक्रमण तत्काल नसकिने र त्यसका लागि भ्याक्सिनको आवश्यकता रहेको कोट्सको भनाई छ । टोकियो ओलम्पिकको निरीक्षण टिमका सदस्य समेत रहेका कोट्सले त्यो बेलासम्म कोरोनाको भ्याक्सिन बन्ने संभावना पनि कम रहेको र आयोजकलाई भ्याक्सिन उपलब्ध गराउन पनि उपयुक्त समय कम हुने संभावना रहेको बताए ।

यतिमात्र होइन उनले २०६ देशबाट आउने विभिन्न खेलाडीलाई एकैपटक उपचार गर्न पनि चुनौती रहेको धारणा राखे । उनले ब्राजिलमा एकैदिन १० हजार नयाँ संक्रमित देखिएको र अरु देशमा पनि झन्झन् संक्रमण बढिरहेको बताए । जापानी प्रधानमन्त्री सिन्जो आवेले ओलम्पिक २०२१ मा हुने त्यो भन्दा पछाडी सार्न नमिल्ने बताए । त्यो बेलासम्म भ्याक्सिन नबनेमा टोकियो ओलम्पिक गर्न कठिन रहेको र त्यसभन्दा पछाडी सार्न पनि नसकिने बताइसकेका छन् । कोरोनाको संक्रमणका कारण गत मार्चमा आइओसी र जापान सरकारले संयुक्त रुपमा एक बर्षका लागि सार्ने सहमति गरेका थिए ।

## चीनको सैनिक बजेटमा ६.६ प्रतिशत वृद्धि

**बेइजिङ, एजेन्सी–** चीनले सन् २०२० मा सैन्य बजेटमा ६.६ प्रतिशत वृद्धि गर्ने घोषणा गरेको छ । राष्ट्रिय पिपुल्स कङ्ग्रेसमा प्रस्तुत यो बजेट वृद्धिदर विगतको तुलनामा केही कम हो । संयुक्तराज्य अमेरिकापछि दोस्रो बढी सैन्य बजेट रहेको चीनले यस वर्षका लागि १ खर्ब ७८ अर्ब अमेरिकी डलर बजेट व्यवस्था गरेको छ । चीनले केही वर्षदेखि सैन्य खर्चमा कटौती गर्दै आएको छ । गत वर्ष चीनको सैन्य बजेटमा ७.५ प्रतिशत वृद्धि गरिएको थियो ।

## खशोग्जीका छोराहरूले बाबुका हत्यारालाई माफी दिए

**रियाद, एजेन्सी–** इजिप्टमा हत्या गरिएका साउदी पत्रकार जमाल खशोग्जीका छोराहरूले बाबुका हत्याराहरूलाई क्षमादान दिएको बताएका छन् । अमेरिकी अखबार वासिङ्टन पोस्टका स्तम्भकार तथा साउदी राजतन्त्रका आलोचक समेत रहेका खशोग्जीका छोराहरूले ट्वीट गरी बाबुका हत्यारालाई माफी दिएको बताएका हुन् । ट्वीटमा भनिएको छ, “जमाल खशोग्जीका हामी छोराहरू हाम्रा बाबुको हत्यामा संलग्नहरूलाई माफी र क्षमादान दिएको घोषणा गर्दछौं ।”

साउदी अरेबियामा बस्दै आएका जमालका छोरा सलाहको घोषणाको कानुनी वैधानिकता के हुने भन्नेमा स्पष्ट भइसकेको छैन । पत्रकार खशोग्जीको टर्कीको स्तानबुलस्थित साउदी कन्सुलेटमा अक्टोबर २, २०१८ मा विभत्स हत्या गरिएको थियो । टर्की सरकारको भनाईमा साउदी अरेबियाका राजकुमार सल्मानद्वारा पठाइएका १५ जना गुप्तचरले जमाल खशोग्जीको हत्या गरेका थिए । हत्या पश्चात जमालको शरीर टुक्राटुक्रा पारेर फालिएको थियो ।

साउदीमा उक्त हत्याकाण्डमा संलग्न ११ जनालाई दोषी देखाइएको थियो जसमध्ये ५ जनालाई मृत्युदण्डको सिफारिस गरिएको छ । तीन जनालाई आजीवन कारावासको सजाय सुनाउनुका साथै अरूलाई छाडिएको छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मदन भण्डारी राजमार्ग योजना कार्यालय, गुल्मी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०७७/०२/१०

यस योजनाबाट मिति २०७६/१२/०४ www.bolpatra.gov.np/egp तथा तिलोत्तमा राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं MBRPG/Notice- 05/076/77 वमोजिम बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरू मध्ये देहाय बमोजिमका न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरू स्वीकृतिको लागि सिफारिस भई आएकोमा छनौट भएका उल्लेखित बोलपत्रहरू सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४(क) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N. | Contract Identification Number | Name and Address of Bidders | Bid Amount, NRs. (Ex-VAT and PS) | Remarks |
|---|---|---|---|---|
| 1. | MBRPG/33701 1374/076/77-37 | श्री रकेट विल्डर्स, पाल्पा | 42,25,364.34 | |
| 2. | MBRPG/33701 1374/076/77-38 | श्री रेसुंगा दर्शन कन्सट्रक्न एण्ड सप्लायर्स प्रा.लि., गुल्मी | 49,59,190.00 | |
| 3. | MBRPG/33701 1374/076/77-39 | श्री कार्की ब्रदर्श कन्सट्रक्सन, पाल्पा | 48,24,250.00 | |
| 4. | MBRPG/33701 1374/076/77-40 | श्रीकृष्ण कन्सट्रक्सन, गुल्मी | 39,76,662.00 | |
| 5. | MBRPG/33701 1374/076/77-41 | श्री रकेट विल्डर्स, पाल्पा | 49,66,639.60 | |
| 6. | MBRPG/33701 1374/076/77-42 | श्री स्टार विन्दावासिनी कन्सट्रक्सन प्रा.लि., ललितपुर | 54,52,893.50 | |
| 7. | MBRPG/33701 1374/076/77-43 | श्री डि.एन.डि. बिल्डर्स प्रा.लि., पाल्पा | 57,14,524.00 | |
| 8. | MBRPG/33701 1374/076/77-44 | श्री स्टार विन्दावासिनी कन्सट्रक्सन प्रा.लि., ललितपुर | 43,60,000.00 | |
| 9. | MBRPG/33701 1374/076/77-45 | श्री डि.एन.डि. बिल्डर्स प्रा.लि., पाल्पा | 92,11,553.00 | |
| 10. | MBRPG/33701 1374/076/77-46 | श्री आचार्य विल्डर्स कम्पनी प्रा.लि. | 1,28,76,130.00 | |
| 11. | MBRPG/33701 1374/076/77-47 | श्री साइन कन्स्ट्रक्सन प्रा.लि.,काठमाडौं | 52,37,796.00 | |
| 12. | MBRPG/33701 1374/076/77-48 | श्री भुसाल कन्सट्रक्सन एण्ड सप्लायर्स, अर्घाखाँची | 1,17,26,200.00 | |
| 13. | MBRPG/33701 1374/076/77-49 | श्री न्यू लिजारस्टार विन्दावासिनी जे.भी. गुल्मी | 1,35,62,825.00 | |
| 14. | MBRPG/33701 1374/076/77-50 | श्री डि.एन.डि. बिल्डर्स प्रा.लि., पाल्पा | 1,02,92,809.97 | |

**नि.योजना प्रमुख**

# धरापमा गार्मेन्ट व्यवसायी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ



विश्वभर फैलिएको कोभिड १९ का कारण नेपाली गार्मेन्ट उद्योगहरुको अर्डर रद्द हुने क्रम बढेको छ । नेपाली गार्मेण्ट उद्योगहरुले यूरोप अमेरिका लगायतका मुलुकहरुमा तयारी पोशाक निर्यातका लागि अर्बौं रुपैयाँ बराबरको अर्डल लिएपनि कोरोनाका कारण रद्द हुने क्रम बढेको गार्मेण्ट एशोसिएशन नेपालका अध्यक्ष चण्डीप्रसाद अर्यालले जानकारी दिए । कोरोना पछिको लकडाउनका कारण हाल देशभरका उद्योग कलकारखाना बन्द अवस्थामा छन् । जसका कारण नेपाली तयारी पोशाक उद्योग द्वारा उत्पादन भई निर्यातका चरणमा रहेका १ अर्ब २५ करोड रुपैयाँ बराबरको अर्डर रद्द भएको समेत उनले जानकारी दिए । त्यसैगरी सो अबधिमा उद्योगीहरुले बैंकलाई बुझाउनु पर्ने करिव ४ करोड रुपैयाँ बराबरको ब्याज नोक्सानी हुनुका साथै प्रत्यक्ष रोजगारी गरिरहेका २ हजारभन्दा बढी श्रमिकको तलब भुक्तानीमा समस्या भएको अर्यालको भनाई थियो । साथै ५ लाख रुपैयाँ वरावरको न्युनतम विजुलीको महसुल मासिक रुपमा बुझाउनु पर्ने बाध्यता भएको उनले जानकारी दिए । सो अबधिमा उद्योगहरुले आयात गरेको कच्चापदार्थहको कण्टेनर भारतको कलकत्तामा रोकिन पुगेका छन् । जसका कारण उद्योगहरु चर्को दरमा डिटेन्सन चार्ज तिर्न बाध्य भएका छन् । साथै निर्यात लागि तयार भएका केही माल वस्तुका कन्टेनरहरु लोडका अवस्थामा रहेर पनि लक डाउनका कारण उद्योग कारखाना बन्द हुन पुगि निर्यात हुन सकिरहेका छैनन् । निश्चित भईसकेको निर्यात अर्डर हरु रद्द हुनु, हालै मात्र आयातित कच्चा पदार्थहरुमार्फत उत्पादनको चरणमा रहेका माल बस्तुका निर्यात अनिश्चित हुनु, कच्चा पदार्थ र माल वस्तुको मौज्दात बढन जानू तथा उद्योग कल कारखाना बन्द हुँदा कार्यरत मजदुर कर्मचारीहरुलाई तलव एवं बैकलाई तिर्नु पर्ने ब्याज, विजुली आदि तर्फको खर्च भुक्तानी दिनु पर्ने दायित्वले गर्दा नेपाली तयारी पोशाक उद्योगहरु धराशयी हुने अवस्थामा पुगेको समेत उनले जानकारी दिए । लकडाउनले गर्दा नेपाली तयारी पोशाक उद्योगहरु बन्द हुन पुगि आफ्ना उत्पादित बस्तुहरुको वजारिकरण गर्न नसक्दा ठूलो क्षति भोग्नु परेको संघका सहसचिव तथा प्योर क्लोथिङका संचालक पशुपतीदेव पाण्डेले जानकारी दिए । 'पछिल्लो समय यूरोप अमेरिका लगायतका देशहरुबाट ठूलो मात्रामा अर्डरहरु क्यान्सिल भएका छन्,' उनले भने, 'कोरोनाले निर्यात गर्न तयारी अवस्थामा रहेका अर्डरहरु रद्द हुँदा उद्योगहरुलाई नगद प्रवाहमा भई संचालन खर्च समेत जुटाउन नसक्ने अवस्था सिर्जना भएको छ ।' हाल बन्डेड वेयर हाउसको सुविधा अन्तरगत आवश्यक कच्चा पदार्थ आयात गरि उत्पादन भएका माल बस्तु निर्यात गरी विदेशी मुद्रा प्राप्त भए पछि १६ महिना भित्र बैक ग्यारेन्टी फुकुवा गरिसक्नु पर्ने प्रावधान रहेको छ । तर पछिल्लो समयमा देशमा देखा परेको कोभिड १९ को महामारीका कारण आयातित कच्चा पदार्थबाट उत्पादित माल बस्तु तयार भएका र अन्य कतिपय उत्पादनका चरणमा रहेका अवस्थामा विदेश स्थित क्रेताहरुले खरीद माग रद्द गरिरहेका उक्त समयलाई बढाएर ३२ महिना पुर्याउनु पर्ने बताएका छन् । साथै सरकारको अनुरोधमा बैंक ग्यारेन्टी रद्द गरि सो बापत लाग्ने राजस्व दस्तुर मिन्हा गर्न समेत संघले आग्रह गरेको छ ।

## पोखराका व्यवसायीले भने :
# दुई वर्षसम्म ऋणको किस्ता र ब्याज तिर्न सक्दैनौं




**पोखरा/मस**–पोखराका पर्यटन व्यवसायीले कोरोना महामारीले उत्पन्न परिस्थितिका कारण व्यवसाय धरापमा परेकाले बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋणको किस्ता र ब्याज आगामी दुई वर्षसम्म तिर्न नसक्ने बताएका छन् । पोखराका पर्यटन व्यवसायीको छाता संस्था पोखरा पर्यटन परिषद्ले प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई आज ज्ञापनपत्र बुझाउँदै बैंक तथा वित्तीय संस्थालाई कर्जा तिर्नका लागि प्रदेश सरकारले निश्चित प्रतिशत ब्याज अनुदानको व्यवस्था गर्नुपर्ने माग गर्‍यो ।

परिषद्का उपाध्यक्ष गोपीबहादुर भट्टराईले पर्यटन क्षेत्रको खर्बौंको लगानी जोखिममा रहेको र होटल सामान्य सञ्चालनमा कठिनाइ भइरहेका अवस्थामा ऋण र ब्याजको किस्ता तिर्न सक्ने अवस्था नरहेको बताए। भट्टराईले भने, "ऋण तिर्नका लागि तोकिएको अवधिमा दुई वर्ष थपिनुपर्ने र त्यसबाहेक ऋणको ब्याजदर पनि घट्नुपर्ने हामी व्यवसायीको माग छ ।" व्यवसायी नै नबाँचे वित्तीय संस्था सञ्चालन हुन नसक्ने भएकाले दोहोरो अंकको ब्याजदर घटाएर ऋण दिनुपर्ने उनको भनाइ थियो ।

व्यवसायीले पर्यटन क्षेत्रलाई बचाउने कार्यक्रममा नीति तथा कार्यक्रममा समावेश नभएको भनी दुखेसो पनि पोखेका छन् । "हामीले अहिलेको अवस्थामा पर्यटनको लगानी जोगाउन धेरै आग्रह गर्‍यौं तर संघीय सरकारको नीति तथा कार्यक्रममा समावेश भएन", नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटाले भने "पर्यटन क्षेत्र तत्कालीन र दीर्घकालीन असर पर्ने क्षेत्र हो, यस क्षेत्रबाट व्यवसायीलाई पलायन हुनबाट जोगाउनु राज्यको दायित्व हुन आउँछ ।"

उनले सरकारले अहिले राहत दिएर व्यवसायीलाई जीवन्तता दिनुपर्ने बताउँदै सन् २०२१ मा सरकार र निजी क्षेत्र मिलेर पर्यटनमा पुनरुत्थान अभियान चलाएमा सन् २०२२ मा बल्ल पर्यटन क्षेत्रले सरकारलाई नाफा दिने व्यवस्था आउने विचार राखे ।

# शुक्लागण्डकी नगरपालिकालाई सूर्य नेपालद्वारा दश लाख सहयोग

SURYA NEPAL

**काठमाडौं/मस**-तनहुँको शुक्लागण्डकी नगरपालिका-७ शेरामा रहेको बहुर्राष्ट्रिय कम्पनी सूर्य नेपाल प्रालिले शुक्लागण्डकी नगरपालिकालाई आज रु १० लाख सहयोग गरेको छ । कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि नगरपालिकाले खडा गरेको कोरोना सङ्क्रमण, रोकथाम तथा उपचार कोषका लागि सूर्य नेपालले रु १० लाख सहयोग गरेको हो ।

उक्त रकमबराबरको चेक प्रालिका तर्फबाट कारखाना प्रबन्धक बाबुराम कार्कीले नगरप्रमुख किसान गुरुङलाई हस्तान्तरण गरे । कम्पनीको सामाजिक उत्तरदायित्व बहनअन्तर्गत महामारीका रूपमा फैलिएको कोरोना भाइरस नियन्त्रणका लागि उक्त रकम सहयोग गरिएको कार्कीले बताए। नगरप्रमुख गुरुङले नगरपालिकाभित्र स्थापना भएको देशकै ठूलो उद्योगमध्येको सूर्य नेपालले कोरोना भाइरस नियन्त्रण गर्ने नगरपालिकाको अभियानमा सहयोग गरेकामा धन्यवाद ज्ञापन गरे ।

नगरपालिकाले खडा गरेको कोरोना कोषमा विभिन्न व्यक्ति तथा सङ्घसंस्थाले सहयोग गर्दै आइरहेका छन् । नगरपालिकाका प्रवक्ता खिमबहादुर कुमालका अनुसार उक्त कोषमा हालसम्म करिब रु १६ लाख जम्मा भएको छ । उक्त कोषमा नगरपालिकाको तर्फबाट रु ६० लाख विनियोजन गरिएको छ ।

काठमाडौंको कान्तिपथमा प्रधानकार्यालय रहेको सूर्य नेपालले विसं २०४३ देखि सिमरामा चुरोट उत्पादन गर्दै आएको छ । तराईमा असुरक्षा महसुस गर्दै कम्पनीले विगत ६ वर्ष अगाडि शुक्लागण्डकी नगरपालिकामा उद्योग स्थापना गरेको थियो । १४५ रोपनी क्षेत्रफलमा फैलिएको तनहुँ प्लान्टबाट वार्षिक ६ अर्ब खिल्ली चुरोट उत्पादन गर्ने लक्ष्य लिइएको छ । सूर्य नेपालमा भारतीय कम्पनी आइटिसीको ५९ प्रतिशत लगानी छ । प्रभाकरशमशेर राणाको सूर्य इन्टरप्राइजेजसँगै अन्य १० वटा समूहको ३९ प्रतिशत हिस्सा छ भने दुई प्रतिशत ब्रिटिस-अमेरिकन टोबाकोको शेयर छ । कम्पनीले सूर्य, शिखर, बिजुलीलगायत चुरोट उत्पादन गर्छ ।

# शिक्षामा बजेट बढाउन सांसदको माग

**काठमाडौं/मस**–शिक्षा क्षेत्रलाई सुधार र निरन्तरताका लागि बजेट वृद्धि गर्न जोड दिइएको छ । एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनले आज आयोजना गरेको 'सङ्क्रमणकालीन वर्तमान नेपालको शैक्षिक मुद्दा र बजेट व्यवस्थापन' विषयमा अनलाइन संवादमा सांसद, शिक्षाविद् तथा शिक्षक नेताहरूले समाजवादोन्मुख शिक्षाको स्थापनाका लागि उच्च प्राथमिकता दिइनुपर्ने जनाइएको हो ।


नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री राम कार्कीले शिक्षामा समाजवादोन्मुख रुपान्तरणका लागि तल्लो तहबाट दबाब सिर्जना हुनुपर्ने बताएभने नेकपाका स्थायी कमिटी सदस्य एवं सांसद देवेन्द्र पौडेलले उत्पादनमुखी र व्यवहारिक शिक्षाका लागि बजेट वृद्धि गर्न आग्रह गरे ।

प्रतिनिधिसभाका सदस्य डा सूर्य पाठक र कृष्णभक्त पोखरेलले एउटा देशमा दुई खालका नागरिक उत्पादन गर्ने शिक्षा प्रणाली अन्त्य गर्ने अहिले उपयुक्त अवसर भएको बताए। राष्ट्रियसभाका सदस्य मायाप्रसाद शर्माले उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनका आधारमा शिक्षामा रुपान्तरण गराउन संसद्मा आवाज उठाइएको बताए ।

शिक्षाविद् डा मनप्रसाद वाग्लेले विद्यालय क्षेत्र (जोइनिङ) गर्नुपर्ने, विषयगत शिक्षक थप्नुपर्ने, प्रारम्भिक बाल विकास र सूचना प्रविधिमा प्राथमिकता दिनुपर्ने जनाए । नेपाल शिक्षक महासङ्घका अध्यक्ष बाबुराम थापाले संसद्ले पारित गरेका शिक्षा ऐनअनुसार प्रारम्भिक बाल शिक्षालाई विद्यालय शिक्षाको मूल प्रवाहमा समावेश नगरिएकामा चिन्ता व्यक्त गरे ।

सङ्गठनका अध्यक्ष शङ्कर अधिकारीले प्रारम्भिक बाल विकासका सहजकर्ता शिक्षक र निजी विद्यालयका शिक्षकहरूको सुविधा अन्त्यन्त न्यून भएकाले वृद्धि गर्नुपर्ने बताए ।

# गायिका कुँवर कृषि विकास बैंकको ब्राण्ड एम्बेसेडर



**काठमाडौं/मस**– गायिका आश्रा कुँवर कृषि विकास बैंकको ब्राण्ड एम्बेसेडरमा नियुक्त भएकी छन् । बैंकको मुख्यालय काठमाडौंमा गत बैशाख ३० गते उनको नियुक्तिसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । उक्त कार्यक्रममा बैंकको तर्फबाट मुख्य कार्यकारी अधिकृत अनिल कुमार उपाध्यायका साथै बैंकका कर्मचारीहरूको उपस्थितिमा रहेको थियो ।

कुँवर एक रक गायिकाका साथै वातावरण अनुसन्धानकर्ता समेत हुन् । उनले 'आश्रा र उपमा' भन्ने ब्याण्डको स्थापनासमेत गरेको छन् । विभिन्न संस्थाहरुबाट सम्मानित कुँवरले अष्ट्रेलिया, दक्षिण कोरिया, भारत र इजिप्टमा आफ्नो अदभुतपुर्ण प्रतिभा प्रदर्शन गरीसकेकी छन् ।

# नाकाका सुरक्षाकर्मीलाई चीनद्वारा सामग्री सहयोग



**काठमाडौं/मस**-रसुवागढी नाकामा काम गर्ने सुरक्षाकर्मीलाई जाँच परीक्षणमा सहज बनाउन चीन सरकारले आवश्यक सहयोग सामग्री हस्तान्तरण गरेको छ ।

बिहीबार हस्तान्तरित सामग्रीमा ब्यागेज स्क्यानर, वाक थ्रु गेट एक/एक थान एवं मेटल डिटेक्टर पाँच थान रहेको प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले जानकारी दिए ।

एकीकृत रूपमा भन्सारलगायत सुरक्षा अङ्गलाई व्यवस्थित जाँच परीक्षण भवनको निर्माण अगाडि बढिरहेको छ । यस्तो अवस्थामा सुरक्षा अङ्गबाट हातले छामेर भए पनि आफ्नो जिम्मेवारी पूरा गरिरहेको र प्राप्त सहयोग सामग्रीले जाँच परीक्षणमा थप मद्दत पुगेको सशस्त्र प्रहरी २१ नं गुल्म टिमुरेका प्रहरी नायब उपरीक्षक लक्ष्मण थापाले बताए ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**